दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २४३ | बुटवल | २०८३ भदौ ३१, बुधबार | नेपाल संवत ११४६ | Wednesday September 16, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## गृहमन्त्री गुरुङद्वारा मर्यादा उल्लंघन

बुटवल । नेकपा एमालेका प्रमुख सचेतक ऐनबहादुर महरले सांसद बोलिरहँदा गृहमन्त्री सुधन गुरुङ उठेर हिँडेको भन्दै नियमापत्ति जनाएका छन् ।

मंगलबार जारी प्रतिनिधिसभाको बैठकमा नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल बोलिरहँदा गृहमन्त्री गुरुङ अगाडिबाट हिँडेका थिए । सोही विषयमा एमाले प्रमुख सचेतक महरले नियमापत्ति जनाएका हुन् ।

'माननीय युवराज दुलाल बोलिरहेको बखत माननीय गृहमन्त्रीज्यू .... प्रतिनिधिसभा नियमावलीको नियम २० को ६ ले सभामुखको आसन तथा बोलिरहेको सदस्यको बिचबाट हिँड्न नहुने व्यवस्था छ । यो नियमको उल्लंघन गर्दै माननीय गृहमन्त्री त्यो बीचबाट हिँड्नुभएको छ ।'-महरले सभामुख डोलप्रसादको ध्यानाकर्षण गराउँदै भने ।

विगतमा प्रधानमन्त्री बालेन्द्र शाहले पनि यो नियमको उल्लंघन गरेको उनले बताए । यस्तो व्यवहारले सदनको मर्यादा कायम नगर्ने आग्रह गरे ।

नियमावलीको नियम २० मा बैठकमा पालन गर्नुपर्ने नियम छ। जसअनुसार सभामुख बैठक कक्षमा प्रवेश गर्दा सबैले उठेर सम्मान प्रकट गर्नु पर्ने हुन्छ।

बैठक स्थगित भई सभामुख बैठकबाट बाहिर निस्केपछि मात्र सदस्यले बैठक कक्ष छाड्नुपर्ने हुन्छ।

सभामुखले समय दिएपछि मात्र बोल्नुपर्छ।

बैठकमा भाग लिने सदस्यले बोल्दा सभामुखलाई सम्बोधन गरेर बोल्नुपर्ने र सभामुखले अन्यथा आदेश दिएमा बाहेक तोकिएको स्थानमा उभिएर बोल्नुपर्ने हुन्छ।

सभामुखले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्न नहुने र सभामुखले बोलेको कुरा ध्यानपूर्वक सुन्नुपर्ने व्यवस्था छ।

सभामुखको आसन तथा बोलिरहेको सदस्यको बीचबाट हिँड्न नहुने व्यवस्था यसमै छ।

सभामुखको आसनतर्फ पिठ्यूँ फर्काएर बस्न र उभिन नहुने, कुनै सदस्यले बोलिरहेको समयमा बाधा पुग्ने वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने पनि नियम छ।

## शाइन रेसुङ्गाले १६ प्रतिशत लाभांश दिने

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

बुटवल । शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकका सेयरधनीले आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट १६ प्रतिशत लाभांश पाउनेछन् । बैंकले चुक्तापुँजीको ६ प्रतिशत बोनस सेयर र १० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव अघि बढाउनेछ ।

बैंकको सञ्चालक समितिले आर्थिक वर्ष २०८२/८३ को वितरणयोग्य सञ्चित मुनाफाबाट उक्त लाभांश वितरण गर्ने प्रस्ताव गर्नेछ । प्रस्तावअनुसार सेयरधनीले बोनस सेयरसँगै नगद प्रतिफलसमेत प्राप्त गर्नेछन् । बैंकले वितरण गर्ने १० प्रतिशत नगद लाभांशमा बोनस सेयरमा लाग्ने करसमेत समावेश हुनेछ । यसले प्रस्तावित १६ प्रतिशत लाभांश संरचनामा बोनस र नगद दुवै प्रतिफल समेटिनेछ ।

यद्यपि, प्रस्तावित लाभांश तत्काल सेयरधनीको खातामा जानेछैन । लाभांश वितरणअघि बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्नेछ । राष्ट्र बैंकको स्वीकृति प्राप्त भएपछि उक्त प्रस्ताव बैंकको आगामी वार्षिक साधारणसभामा पेस गरिनेछ ।

वार्षिक साधारणसभाबाट प्रस्ताव अनुमोदन भएपछि मात्रै सेयरधनीलाई ६ प्रतिशत बोनस सेयर र १० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रक्रिया अघि बढ्नेछ । यसअनुसार शाइन रेसुङ्गाका सेयरधनीले आगामी चरणमा कुल १६ प्रतिशत लाभांश प्राप्त गर्नेछन् । प्रस्ताव कार्यान्वयनमा आएमा बैंकको चुक्तापुँजीमा बोनस सेयरको हिस्सा थपिनेछ भने नगद लाभांशमार्फत् सेयरधनीले प्रत्यक्ष नगद प्रतिफल पाउनेछन् ।

### तेल चोरीको नयाँ रूप :

# सिल र ताला नतोडी निकाल्दै गर्दा तीन ट्यांकर पक्राउ

पम्पले ट्याङकरबाट तेल चोरी गर्ने नियत नै राखेर पम्प परिसरभित्र गाडी नै छेक्ने गरी गेट बनाएको र नियमित रुपमा चोरी हुने गरेको स्थानीयले बताएका छन् ।




मोहम्मद हबिब
*भैरहवा*

नेपाल आयल निगमको भलबारी डिपोमा ल्याउँदै गरेको ट्याङ्करबाट पेट्रोलियम पदार्थ चोरी गर्दै गरेको अवस्थामा प्रहरीले तीन ट्याङ्कर नियन्त्रणमा लिएको छ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङबाट खटिएको टोलीले मंगलबार भैरहवास्थित सराफ आयल स्टोरमा पेट्रोलियम पदार्थ निकालिरहेको अवस्थामा दुईवटा ट्याङ्कर नियन्त्रणमा लिएको हो । भलबारी डिपोका लागि भारतबाट पेट्रोलियम पदार्थ बोकेर आएका ट्याङ्करहरू सराफ आयलमा पुगेका थिए । करिब १० बजे प्रहरीले छापा मार्दा लु २ ख १५४४ र लु १ ख ६५०४ नम्बरका ट्याङ्करबाट तेल निकालिरहेको अवस्थामा फेला पारेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ ।

प्रहरीले नियन्त्रणमा लिएका दुवै ट्याङ्करको सिल नतोडिएको र ज्याकको मद्दतले माथिको ढक्कन हटाई करिब ३० लिटर डिजल निकालिएको अवस्थामा भेटिएको हो । घटनापछि तीन ट्याङ्कर र एक जना सहचालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । भलबारी डिपोका लागि भारतबाट पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्याङ्कर व्यवसायी र पेट्रोल पम्प सञ्चालकबीचको मिलेमतोमा लामो समयदेखि तेल चोरी हुने गरेको गुनासो आएको थियो ।

भलबारी डिपोले सिलको अवस्था नियमित रूपमा जाँच नगरेको तथा आयात भएर आएको पेट्रोलियम पदार्थको पर्याप्त नापजाँच राम्ररी नगरेको गुनासो आउने गरेको थियो ।

भलवारी डिपोका लागि पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्याङ्करबाट यसअघि पनि तेल चोरीका घटना हुने गरेको थियो । प्रहरीले एउटा टयाङकर भने त्यही परिसरमा आएर केही पछि अन्यत्र गएको हुनाले त्यसमा पनि शंका गरिएकोले पनि नियन्त्रणमा लिएको छ । लु १ ख ६६१९ नम्बरको उक्त टयाङकर भलबारी डिपोमा गएपछि तेल खाली गरिसकेपछि मात्रै नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

पम्पले गाडीहरुबाट तेल चोरी गर्ने नियत नै राखेर परिसर भित्र गाडी नै छेक्ने गरि गेट बनाएको र नियमित रुपमा चोरी हुने गरेको स्थानीयले बताएका छन् । स्थानीयले तेल खपत यो पम्पमा कम हुने गरेपनि टयाङकरको लाइन हेर्दा केही शंकास्पद काम हुन्छ भन्ने शंका गरिरहेको बेला अहिले रंगेहात पक्राले पम्प भित्रको गतिविधि उजागर भएको छ ।

» बाँकी ३ पेजमा

## चोरीको आरोपबारे छानबिन माग

बुटवल। पेट्रोलियम पदार्थ बोकेर आएका दुईवटा ट्याङ्करबाट पेट्रोलियम पदार्थ निकालिरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको घटनाप्रति पश्चिमाञ्चल ट्याङ्कर व्यवसायी संघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

संघका अध्यक्ष राकेशकुमार कशौधन र महासचिव भूपराज आर्यालले जारी गरेको विज्ञप्ति अनुसार घटनाको वास्तविकता पत्ता लगाउन ट्याङ्करको सिल कसरी र कुन अवस्थामा तोडिएको हो, पेट्रोलियम पदार्थ निकाल्ने कार्यमा को-को संलग्न थिए तथा ट्याङ्कर लोडिङदेखि अनलोडिङसम्मको प्रक्रियामा के भएको थियो भन्ने विषयमा पूर्ण अनुसन्धान गर्न सम्बन्धित निकायसँग माग गरेको छ।

पेट्रोलियम पदार्थजस्तो संवेदनशील तथा अत्यावश्यक वस्तुको ढुवानीमा संलग्न ट्याङ्कर, चालक तथा सहचालकले निर्धारित नियम, सुरक्षा मापदण्ड र नेपाल आयल निगमका कार्यविधि पूर्ण रूपमा पालना गर्नुपर्ने संघले जनाएको छ। नियमविपरीत चोरी, अनियमितता वा गैरकानुनी गतिविधिमा संलग्न भएको पुष्टि भए दोषीमाथि प्रचलित कानुनअनुसार कारबाही हुनुपर्ने संघको धारणा छ।

संघले घटनामा ट्याङ्कर व्यवसायी संघ वा संघमा आबद्ध कुनै पनि व्यवसायीको संलग्नता नरहेको स्पष्ट पारेको छ। घटनाबारे तथ्यमा आधारित, निष्पक्ष र पारदर्शी अनुसन्धान गरी वास्तविक दोषी पहिचान गर्नुपर्ने संघको माग छ।

» बाँकी ३ पेजमा

## मूकदर्शक नबन्ने देउवाको घुर्की

बुटवल । कांग्रेस पूर्वसभापति शेरबहादुर देउवाले संस्थापन पक्षले गर्न लागेको महाधिवेशनलाई अवैधानिक भन्दै त्यस्तो प्रक्रिया अघि बढे आफू आफू मुकदर्शक भएर नबस्ने धारणा राखेका छन् । उनले संस्थापनले गर्न लागेको महाधिवेशनमा भाग नलिन नेता कार्यकर्तालाई मंगलबार अपिल जारी गर्दै संस्थापनले गर्न लागेको महाधिवेशन पार्टी हीत विपरीतको संज्ञा दिएका छन् ।

'नेपाली कांग्रेसलाई कमजोर गर्ने कार्य हुँदा म मुकदर्शक भएर बस्न सक्ने छैन,' उनको अपिलमा उल्लेख छ । कांग्रेसभित्र देखिएको पछिल्लो विवाद र असमझदारीप्रति गम्भीर चिन्ता व्यक्त गर्दै उनले पार्टीको विधि, विधान, पद्धति, परम्परा तथा केन्द्रीय समितिका निर्णयविपरीत विशेष महाधिवेशन पक्षधर समूहले एकपक्षीय रूपमा अघि बढ्न खोजेको आरोप लगाए ।

विशेष महाधिवेशनको वैधतासम्बन्धी विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा त्यसको अन्तिम निरूपण नहुँदै महाधिवेशन प्रक्रिया अघि बढाउनु विधि, विधान तथा कानुनी सिद्धान्तविपरीत हुने उनको दाबी छ । सर्वोच्च अदालतको पूर्ण इजलासले पुनरावलोकनको निस्सा प्रदान गरिसकेको अवस्थाले समेत यस विषयमा गम्भीर संवैधानिक तथा कानुनी प्रश्न रहेको उनको भनाइ छ ।

विशेष महाधिवेशन पक्षधरले पार्टीका अनुभवी नेतृत्व र बहुसंख्यक नेता-कार्यकर्तालाई बेवास्ता गर्दै अघि बढ्न खोजेको आरोप लगाउँदै उनले यस्तो प्रवृत्तिले कांग्रेस निर्माण नभई पार्टीलाई कमजोर बनाउने चेतावनी दिएका छन् । उनले विशेष महाधिवेशन किन आवश्यक पऱ्यो भन्ने प्रश्नको जवाफसमेत आम नेता-कार्यकर्ता र जनताले अझै नपाएको उनले उल्लेख गरेका छन् ।

उनले आफूलाई कुनै पद वा जिम्मेवारीप्रति व्यक्तिगत लोभ नरहेको पनि स्पष्ट पारेका छन्। तर पार्टी र राज्यले आफ्नो अनुभवको आवश्यकता महसुस गरे जीवनको अन्तिम क्षणसम्म जिम्मेवारी निर्वाह गर्न पछि नहट्ने बताएका छन् ।

देशभरका महाधिवेशन प्रतिनिधिबाट विधिवत् निर्वाचित १४औँ महाधिवेशनको सभापतिका रूपमा १५औँ महाधिवेशन सम्पन्न गरी नेतृत्व हस्तान्तरण गर्नु आफ्नो वैधानिक, राजनीतिक र नैतिक दायित्व भएको उनको दाबी छ । उनले सहमति र सहकार्यको बाटोबाट पार्टीभित्रको विवाद समाधान गर्नुपर्नेमा जोड दिँदै महाधिवेशन अघि बढाउने प्रयास भए त्यसको प्रतिवाद गर्ने संकेत गरेका छन् ।

## रेडियोलोजिस्ट नहुँदा पृथ्वीचन्द्र अस्पतालको सेवा प्रभावित




गौरीशंकर जयसवाल
*परासी*

पश्चिम नवलपरासीस्थित पृथ्वी चन्द्र अस्पतालमा रेडियो लोजिष्ट डाक्टर नहुँदा सेवा प्रभाव प्रभावित भएको छ अस्पतालमा रेडियोलोजिस्टको अभाव भएपछि एक्स-रे, अल्ट्रासाउन्डलगायतका परीक्षणको रिपोर्ट तथा विशेषज्ञ सेवामा समस्या देखिएको हो ।

करिब चार महिनादेखि रेडियोलोजिष्ट डाक्टर नहुँदा सेवा प्रभावित भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जगदीश चौधरीले बताए। रेडियोलोजिष्ट विशेषज्ञ डा. नहुँदा सेवा प्रभावित भएको र समान्य डाक्टरबाट भिडियो एक्सरे सेवा हुँदा यथार्थ रोग पत्ता नलाग्दा बिरामीलाई सेवा दिन कठिन भैरहेको चौधरीको भनाइ छ ।

यसबाट विशेषगरी आर्थिक रूपमा कमजोर तथा ग्रामीण क्षेत्रबाट उपचारका लागि आउने बिरामीहरू थप प्रभावित भएका छन् । रेडियोलोजिस्टको अभावका कारण अस्पतालमा उपचारका लागि आउने बिरामीले समयमै सेवा पाउन नसक्दा निजी स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता समेत बढेको बताइएको छ ।

अस्पतालमा दैनिक ८० देखि १०० जना ठूलो संख्यामा बिरामी आउने भए पनि आवश्यक जनशक्ति नहुँदा सेवा प्रवाहमा कठिनाइ भएको अस्पताल अध्यक्ष चौधरीले जानकारी दिए ।

अस्पतालमा गजेन्द्रनारायण अस्पतालबाट पृथ्वी चन्द्र अस्पतालमा काजमा आएका रेडियोलोजिस्ट डाक्टर प्रकाश ढकालबाट सेवा प्रभाव अस्पताल हुँदै आएकोले उनको राजनीति परिवर्तनकारण गजेन्द्रनारायण अस्पतालबाट सरूवा भएपछि भिडियो एक्सरे सेवा प्रभावित बनेको चौधरीको भनाइ छ ।

उनका अनुसार रेडियोलोजिस्ट सेवा डाक्टर दरबन्दी रहेको छ, तर सम्बन्धित निकायले रेडियोलोजिस्ट विषेज्ञ डाक्टर नपठाउँदा सेवा दिन कठिनाइ भएको छ । रेडियोलोजिस्ट नहुँदा अस्पतालमा उपचारका लागि आउने बिरामीले समयमा परीक्षण तथा रिपोर्ट प्राप्त गर्न नसक्ने अवस्था सिर्जना भएको छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# आइसीयुमा अन्तर्वार्ता

भोटेकोसी बाढीमा परि १० दिनपछि उद्धार भएका दुई जनासँग वीरेन्द्र सैनिक अस्पताल छाउनीको सघन उपचार कक्षमा अन्तर्वार्ता गरेको विषय पत्रकारिता र चिकित्सा दुवै क्षेत्रमा संवेदनशील विषय हो । वीरेन्द्र सैनिक अस्पतालको सघन उपचार कक्षलाई अन्तर्वार्ताका लागि पत्रकारलाई खुला गरेर जसरी अस्पताल प्रशासनले गल्ती गरेको छ, सञ्चारकर्मी  सुरजसिंह ठकुरीले पनि गल्ती गरेका छन् ।

अस्पतालको सघन उपचार कक्षमा निश्चित समयमा परिवारको व्यक्ति बाहेकलाई प्रवेश पाउन कठिन हुन्छ । बिरामीको उपचारमा कुनै कठिनाई नहोस् भनेर बिरामी र आफन्तबिचको सम्बन्ध टुटाइन्छ । चिकित्सक र स्वास्थ्यकर्मीको निगरानीमा राखेर उपचार गरी छिटो निको बनाउन सघन उपचार कक्षमा भेटघाटलाई नियन्त्रण गरिएको हुन्छ। त्यसो त जटिल खालका बिरामी उपचार गर्ने कक्ष भएकाले सघन उपचार कक्षलाई सामान्य रुपमा लिन हुन्न । भोटेकोसी बाढीमा परेर १५ सयको ज्यान गयो । बेपत्ता हुनेको सूची ५ हजार हाराहारी छ । विद्युत आयोजना, निजी सम्पत्ति, विद्यालय भवनलगायत सार्वजनिक सम्पत्तिको क्षतिको लेखाजोखा हुँदैछ। त्रिशुली ३ ए जलविद्युत् आयोजनामा कार्यरत दुई जनालाई १० दिनपछि जीवितै उद्धार गरी सैनिक अस्पतालमा उपचार गरिएको थियो। बेपत्ताको संख्या धेरै भए पनि लामो समयपछि दुई जनाको जीवितै उद्धार हुनु खुशीको विषय हो। उद्धारमा नेपाली सेना, प्रहरीलगायत सुरक्षा निकाय र अरु विभिन्न निकायको सक्रियता प्रशंनीय छ । त्यही सक्रियताको प्रचारका लागि अस्पतालको सघन उपचार कक्ष प्रयोग हुनु पत्रकार आचारसंहिता विपरीतको काम हो, यो विषय मेडिकल काउन्सीलको आचारसंहिताले पनि नैतिकता बाहिरको विषय ठान्छ । प्रेस काउन्सील नेपालले यो विषयका बारेमा सञ्चारकर्मी ठकुरी, अस्पताल लाई पत्र काटेर स्पष्टिकरण सोध्नु आइसीयुको संवेदनशिलता सम्झाएको मात्रै नभई पत्रकारिता पेशामा जे चाह्यो त्यही गर्न पाइने र पत्रकार जहा पनि जान पाउने हुँदैहोइन् । प्रेस स्वतन्त्रता हुन्छ, पत्रकारलाई निवार्ध समाचार संकलनलगायतका काम गर्न कुनै अवरोध हुनुहुन्न । तर आइसीयुमा पुगेर अन्तर्वार्ता लिने काम रोक्दा प्रेस स्वतन्त्रता हनन हुन्न ।

सघन उपचार कक्षमा अन्तर्वार्ता लिने कामले पत्रकारले जहाँ पायो त्यही जान पाउनुपर्छ भन्ने भाष्य स्थापित हुनसक्छ। प्रेस स्वतन्त्रता निर्वाध उपभोग गर्न पत्रकारले पाउनुपर्छ, तर त्यसका सीमा हुन्छन् । सञ्चारकर्मी ठकुरीले आचारसंहिताको उल्लंघन गरेर पत्रकारिताको मर्यादा नाघेका छन् । सैनिक अस्पतालले पनि सघन उपचार कक्षमा अन्तर्वार्ता दिन अनुमति लिएर गल्ती गऱ्यो । अब दुवै पक्षले कमजोरी स्वीकार गरी क्षमा माग्नुपर्छ । कमजोरी स्वीकार गर्नु भनेको आगामी दिनमा त्यस्ता काम नगर्नु हो । यो प्रकरणमा प्रेस काउन्सील नेपालले देखाएको सक्रियताले आचारसंहिताको पालनामा काउन्सील गम्भीर छ भन्ने सन्देश दिएको छ । तसर्थ यो प्रकरणलाई सामान्य रुपमा नलिई पत्रकारितालाई मर्यादामा राख्ने अवसर हो । मेडिकल संस्थाहरु पनि आचारसंहितालाई हेक्का गर्नुपर्छ भन्ने सन्देश यसले दिएको छ ।

## ग्रीन आर्मी :
# राष्ट्रसेवा कि समानान्तर शक्ति ?



डा. ठाकुरमोहन श्रेष्ठ

हिउँ पहिरोले भोटेकोसी उर्लेर मुलुक राष्ट्रिय शोकमा परेकै समयमा सैन्य पोशाकमा ग्रीन आर्मीको सार्वजनिक उपस्थितिले सुरक्षा, प्रशासनिक, नागरिक र कूटनीतिक वृत्तमा प्रश्न र बहस जन्माएको छ। यसमा मूल प्रश्न हो - राष्ट्रसेवाका लागि निर्माण भएको कुनै नागरिक संरचना कुन बिन्दुसम्म नागरिक सेवा रहन्छ र कुन अवस्थामा संगठित शक्ति केन्द्रमा रूपान्तरण हुन सक्छ ?

यसको उत्तर खोज्दा राष्ट्रिय आवश्यकता, संविधान, संस्थागत सीमा, सैन्य पहिचान, नागरिक नियन्त्रण, बाह्य सम्बन्ध र रणनीतिक स्वायत्ततालाई एकसाथ हेर्नु आवश्यक हुन्छ।

**राष्ट्रिय आवश्यकता र संवैधानिकता**

नयाँ संस्था वा संरचना निर्माण गर्नुअघि राज्यले प्रश्न गर्नुपर्छ राष्ट्रिय आवश्यकता र प्राथमिकता के हुन् ? त्यसलाई पूरा गर्न आवश्यक संरचना, कानुनी आधार, अधिकार सीमा, परिचालन, नेतृत्व, स्रोत र जवाफदेही निर्धारण हुनुपर्छ । संस्था आफैँमा उद्देश्य नभएर राष्ट्रिय आवश्यकता पूरा गर्ने माध्यम हो।

मुख्य प्रश्न हो  विद्यमान राज्य संयन्त्रले पूरा गर्न नसकेको कुन वास्तविक आवश्यकता यसले सम्बोधन गर्छ ? समस्या क्षमता, स्रोत, प्रविधि, प्रशिक्षण वा समन्वयको हो भने नयाँ संस्था थप्नुभन्दा विद्यमान संयन्त्रलाई सक्षम बनाउनु प्राथमिकता हुनुपर्छ।

नेपालको संविधानले सुरक्षा संस्थालाई स्पष्ट संवैधानिक सीमाभित्र राखेको छ। धारा २६६ ले राष्ट्रिय सुरक्षा परिषद्, धारा २६७ ले नेपाली सेना तथा धारा २६८ ले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागको व्यवस्था गरेको छ। सुरक्षा तथा विपद् व्यवस्थापनका अन्य कानुनी र संस्थागत संयन्त्र स्थानीय तहसम्म छन् । विसं २०७२ सालको भूकम्पलगायतका विपद्मा बहुनिकायीय सहकार्यको अनुभव पनि छ।

नेपालको मुख्य कमजोरी नयाँ निकायको अभावभन्दा प्रविधि, प्रशिक्षण, स्रोत, पूर्वतयारी, स्थानीय क्षमता तथा अन्तरनिकाय समन्वय र परिचालनमा देखिन्छ। त्यसैले नयाँ संरचनाले भूमिकाको दोहोरोपन नभएर वास्तविक क्षमता अभाव पूरा गर्नुपर्छ।

**'आर्मी' नाम र सैन्य पहिचान**

संस्थाको नामले यसको भूमिका, पहिचान र अधिकारबारे धारणा निर्माण गर्छ। त्यसैले 'ग्रीन आर्मी'को 'आर्मी' अर्थात् 'सेना' शब्द सामान्य नाममात्र होइन। नेपालको संवैधानिक व्यवस्थामा नेपाली सेना विशिष्ट राज्य संस्था भएकाले गैरसैनिक सेवामूलक संस्थाले सैन्य शैलीको पोसाक, दर्जा, कमान्ड र प्रशिक्षण अपनाउँदा संस्थागत सीमा र दीर्घकालीन प्रभावबारे प्रश्न उठ्नु स्वाभाविक हो।

वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सेवा तथा युवा अनुशासन राष्ट्रहितका उद्देश्य हुन् । तर ती पूरा गर्न सैन्य पहिचान नै आवश्यक छ कि नागरिक सेवामूलक संरचना पर्याप्त हुन्छ ? यो मूल प्रश्न हो।

पोसाक, दर्जा, कमान्ड र परिचालन क्षमता विस्तार हुँदै गएमा स्वयंसेवी संरचना क्रमशः संगठित शक्ति क्षमतामा रूपान्तरण हुन सक्छ । त्यसैले यसको कानुनी हैसियत, अधिकार सीमा, नेतृत्व, स्रोत, परिचालन र नागरिक नियन्त्रण सुरुदेखि स्पष्ट हुनुपर्छ। कसी नाम होइन त्यससँग जोडिएको संगठन, संरचना र परिचालनले राज्यशक्तिमा पार्ने प्रभाव हो। राष्ट्रसेवा आवश्यक छ तर त्यसका नाममा राज्यशक्तिको संस्थागत सीमा अस्पष्ट हुनु हुँदैन।

**समानान्तर शक्ति केन्द्रको जोखिम**

इतिहासले देखाउँछ - विशेष उद्देश्यका संगठन प्रारम्भिक भूमिकाभन्दा बाहिर विस्तार हुँदा समानान्तर शक्ति केन्द्र बन्न सक्छन् । विसं २००७ सालको मुक्ति सेना, २०३७ सालको जनमत संग्रह ताकाका केही मण्डले समूह, २०५२ सालको माओवादी सेना, वाइसीएल, २०६२-६३ सालको गणतन्त्रवादी शक्ति, २०७२ सालको मधेशकेन्द्रित आन्दोलन र २०८२ सालको जेनजीसँग सम्बन्धित 'टीओबी' समूह फरक सन्दर्भका यस्तै उदाहरण हुन्।

यी सबैलाई एउटै दृष्टिले हेर्न मिल्दैन तर प्रश्न एउटै छ - राज्यको संस्थागत संरचनाबाहिर विकसित शक्ति कसरी वैधानिक, सीमित र जवाफदेही रहन्छ ?

मुक्ति सेना र माओवादी सशस्त्र संरचना राज्यबाहिर विकसित शक्तिका फरक अनुभव हुन् । शान्ति प्रक्रियापछि लडाकुको व्यवस्थापन, समायोजन र पुनःस्थापनाले यस्ता शक्तिलाई राज्यको मूल संरचनामा समाहित गर्नु कति जटिल हुन्छ भन्ने देखायो। यस प्रक्रियामा संयुक्त राष्ट्रसंघीय नेपाल मिसन (युनमिन) को भूमिका पनि विवादरहित रहेन र अन्ततः म्याद नथपिई फिर्ता भयो।

प्राचीन रोमको प्रेटोरियन गार्ड र आधुनिक सुडानको द्रुत सहयोग बल (आरएसएफ) फरक सन्दर्भका थप उदाहरण हुन्। 'ग्रीन आर्मी'सँग यिनको प्रत्यक्ष तुलना उचित हुँदैन तर पाठ स्पष्ट छ। विशेष पहिचान, संगठन, नेतृत्व र परिचालन क्षमता भएको संरचनाको अधिकार सीमा तथा नागरिक नियन्त्रण स्पष्ट नभए भूमिका विस्तार हुन सक्छ। त्यसैले मूल्याङ्कन वर्तमान उद्देश्यमा मात्र होइन भविष्यमा यसको शक्ति, स्रोत, नेतृत्व, परिचालन क्षमता र राजनीतिक प्रभाव कसरी विकसित हुन सक्छ भन्नेमा पनि केन्द्रित हुनुपर्छ । इतिहास दोषारोपणका लागि होइन राज्यलाई सचेत गराउन पढिनुपर्छ । एकीकृत राष्ट्रिय शक्तिभित्र द्वैध शक्ति केन्द्रको सम्भावना सुरुदेखि रोक्नु दीर्घकालीन राष्ट्रिय हित हो।

**बाह्य सम्बन्ध, पारदर्शिता र रणनीतिक स्वायत्तता**

ग्रीन आर्मीको सन्दर्भलाई नेपालको संवेदनशील भूराजनीतिक अवस्थाबाट अलग हेर्न सकिँदैन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र नागरिक समाजले शिक्षा, स्वास्थ्य, मानव अधिकार र विपद् व्यवस्थापनमा योगदान दिएका छन्। बाह्य सहयोग र बाह्य प्रभाव एउटै होइनन्। तर सहयोग, प्रशिक्षण, प्रविधि र आर्थिक स्रोतले निर्भरता, असमान प्रभाव वा रणनीतिक पहुँच सिर्जना गर्छन् कि गर्दैनन् भन्ने परीक्षण राज्यको दायित्व हो।

त्यसैले स्रोत, उद्देश्य, आर्थिक कारोबार, संस्थागत सम्बन्ध र तिनका गतिविधिको पारदर्शिता महत्त्वपूर्ण हुन्छ। एनजीओ-आईएनजीओ, टीओबी, 'हामी नेपाल', युरोपेली संघ, बेलायत वा अन्य बाह्य पक्षसँग सम्बन्धित गतिविधिबारे उठ्ने प्रश्नलाई आरोप होइन तथ्य, कानुन र आधिकारिक अभिलेखका आधारमा परीक्षण गरिनुपर्छ । विदेशी सहयोगको स्रोत, वित्तीय विवरण र स्वतन्त्र लेखापरीक्षण सुनिश्चित हुनुपर्छ।

नेपालको भूराजनीतिक तथा प्राकृतिक स्रोतका दृष्टिले संवेदनशील मुस्ताङलगायतका क्षेत्रमा बाह्य निकायका भ्रमण र गतिविधिले चासो बढाउनु स्वाभाविक हो । तर, तिनको उद्देश्य, संलग्न पक्ष, विषयवस्तु र राष्ट्रिय हितसँगको सम्बन्ध पारदर्शी हुनुपर्छ । भारत, चीन वा अन्य मित्रराष्ट्रसँगको सम्बन्धमा पनि राष्ट्रिय स्वामित्व, पारस्परिक सम्मान र रणनीतिक स्वायत्तता कायम गर्नुपर्छ।

यसै सन्दर्भमा जेन-जीको राजनीतिक रूपान्तरण पनि अध्ययनको विषय हो । सडकको सामूहिक शक्ति राजनीतिक प्रभाव हुँदै राज्यशक्तिसम्म पुग्नु लोकतान्त्रिक चेतनाको विस्तार हुन सक्छ। तर यसको दीर्घकालीन प्रभाव नेतृत्व, स्रोत, संस्थागत रूपान्तरण, जवाफदेही र संवैधानिक सीमासँगको सम्बन्धबाट मूल्याङ्कन गर्नुपर्छ । श्रीलंका, बंगलादेश र नेपालका अनुभवले सडकको शक्तिमात्र पर्याप्त नहुने, राज्यको संस्थागत क्षमता, राजनीतिक नेतृत्व र समयमै हुने सुधारले परिणाम निर्धारण गर्ने देखाउँछन्।

युवाशक्तिलाई इतिहास, सभ्यता, संस्कृति र प्रकृतिप्रति जिम्मेवार बनाउँदै राष्ट्रसेवामा रूपान्तरण गर्नुपर्छ । राज्यशक्तिको समानान्तर केन्द्रमा होइन । प्रश्न बाह्य सहयोग रोक्ने होइन, राष्ट्रिय स्वामित्व, पारदर्शिता र रणनीतिक स्वायत्तता जोगाउँदै बाह्य सहकार्यलाई राष्ट्रिय हितमा कसरी उपयोग गर्ने भन्ने हो । यही मापदण्ड ग्रीन आर्मी वा अन्य नागरिक संस्थामा लागू हुनुपर्छ।

**सुरक्षा निकाय, युवा, नागरिक र राज्यका प्रश्न**

मूल प्रश्न हो राष्ट्रिय आवश्यकता पूरा गर्न नयाँ शक्ति-संरचना आवश्यक छ कि विद्यमान राज्य संयन्त्रलाई सक्षम बनाउने ?

सुरक्षा निकायले नयाँ संरचना थप्नुअघि प्रविधि, तालिम, पूर्वतयारी, स्रोत, स्थानीय क्षमता र अन्तर-निकायीय समन्वय सुदृढ गर्नुपर्छ। ग्रीन आर्मीले आफ्नो कानुनी हैसियत, नेतृत्व, स्रोत, प्रशिक्षण, परिचालन सीमा, राजनीतिक निष्पक्षता र बाह्य सम्बन्ध स्पष्ट गर्नुपर्छ। नागरिकले लोकप्रियताभन्दा वैधानिकता, स्रोत र जवाफदेहीका आधारमा यस्ता संस्थाको मूल्यांकन गर्नुपर्छ।

इतिहासमा राज्यसत्ताबाहिर विकसित संगठित शक्तिसँग राजनीतिक, प्रशासनिक वा सुरक्षा पृष्ठभूमिका व्यक्तिहरूको सम्बन्ध देखिएको छ। यसको अध्ययन व्यक्तिगत आरोपका लागि होइन संगठित नागरिक शक्ति कहिले र कसरी राज्यशक्तिको समानान्तर प्रभावमा रूपान्तरित हुन सक्छ भन्ने संस्थागत प्रश्न बुझ्न आवश्यक छ । राज्यको दायित्व हो नयाँ संरचना आवश्यक भए कानुनी आधार, अधिकार सीमा, नागरिक नियन्त्रण, वित्तीय पारदर्शिता, राजनीतिक निष्पक्षता र जवाफदेही सुनिश्चित गर्ने। राष्ट्रिय हितमा गम्भीर प्रश्न उठे तथ्यमा आधारित स्वतन्त्र अध्ययन र आवश्यक सुधारबाट राज्य पछि हट्नु हुँदैन। शक्ति होइन, राष्ट्रिय क्षमता जलवायु परिवर्तन र विपद्को बढ्दो जोखिममा नेपाललाई संगठित युवा स्वयंसेवा आवश्यक छ। तर यसको शक्ति पोशाक, दर्जा र कमान्डमा नभएर सेवा, दक्षता र उत्तरदायित्वमा आधारित हुनुपर्छ। त्यसैले 'ग्रीन आर्मी'लाई सैन्य पहिचानतर्फ विस्तार गर्नुको सट्टा कानुनी, गैरसैनिक, पारदर्शी र राज्यको स्पष्ट व्यवस्थापन तथा नियन्त्रणमा रहने 'राष्ट्रिय हरित स्वयंसेवक कोर' को अवधारणामा पुनर्विचार गर्न सकिन्छ।

यसको कार्यक्षेत्र वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद् पूर्वतयारी, उद्धार र समुदायको प्रतिरोध क्षमता अभिवृद्धिमा केन्द्रित हुनुपर्छ । यसरी युवाको ऊर्जा र नागरिक सहभागितालाई राज्यको समानान्तर शक्ति होइन, राष्ट्रिय क्षमतामा रूपान्तरण गर्न सकिन्छ।

विसं २००७ सालयता संकटका क्रममा राष्ट्रहितविपरीत भएका कार्यको निष्पक्ष मूल्यांकन र जवाफदेही राज्यको दायित्व हो । यो सरकारले विगतका सरकारका कमजोरी र संस्थागत त्रुटिको सञ्चित भारसमेत बहन गर्नुपरेको छ।

राष्ट्रिय अखण्डता, राष्ट्रियता, हकहित र सुरक्षाका सवालमा बहालवाला वा पूर्व सुरक्षा राष्ट्रसेवक, कर्मचारी, नेता, विद्वान् वा नागरिक परिचालित हुँदा तथ्य आधारित छानबिन र समयमै दण्ड पुरस्कारको नीति राज्यले अवलम्बन गर्नुपर्छ । राज्य वा सरकार यस दायित्वबाट चुके राष्ट्रिय सुरक्षा संरचना कमजोर र दिग्भ्रमित हुन सक्छ । यस्तो अवस्थामा नागरिक समाज, विशेषतः युवापुस्ता, देशको खम्बाका रूपमा अडिग रहनु नागरिक दायित्व हो।

**अबको बाटो**

'ग्रीन आर्मी'को बहस कुनै संस्था विशेषको नभएर राज्य र नागरिक शक्तिबिचको लक्ष्मणरेखाको बहस हो । लोकतन्त्रमा नागरिक शक्ति राज्यको विकल्प होइन । बरु राज्यलाई सक्षम, उत्तरदायी र जनमुखी बनाउने सामाजिक शक्ति हो । त्यसैले युवाको ऊर्जा नियन्त्रण होइन संस्थागत हुनुपर्छ। स्वयंसेवा निषेध नगरी नियमन र समन्वयमा हुनुपर्छ। बाह्य सहकार्य अस्वीकार होइन बरु राष्ट्रिय स्वामित्व र पारदर्शिताभित्र हुनुपर्छ।

नेपालले रोज्नुपर्ने बाटो स्पष्ट छ -  युवा शक्ति राष्ट्रनिर्माणमा, नागरिक शक्ति राष्ट्रिय क्षमतामा र राज्यशक्ति संविधानको सीमाभित्र । राष्ट्रसेवा संस्थागत बनाऔँ समानान्तर शक्ति होइन।

( सशस्त्र प्रहरी बलका पूर्व अतिरिक्त महानिरीक्षक तथा राष्ट्रिय प्रजातन्त्र पार्टी, केन्द्रीय कार्य सम्पादन समिति सदस्य)

# खाँदा तीतो हुने करेला स्वास्थ्यका लागि यति लाभदायक



खाँदा तीतो भए पनि करेला स्वास्थ्यका लागि अतिलाभदायक छ। करेलाका केही फाइदा यस्ता छन्ः

- शरीरमा कफ जम्मा भएमा करेला  खानुपर्छ । करेलामा पाइने फस्फोरसले शरीरको कफ निकास गर्न सघाउ पुऱ्याउँछ।
- करेलाले पाचनशक्ति बलियो बनाउँछ र भोक जगाउँछ।
- करेला शितल खाद्य भएकाले गर्मी याममा करेला खाने गर्नु लाभदायक हुन्छ।
- दमको समस्या भएकाहरूले मसला नहालीकन पकाएको करेलाको तरकारी खानु राम्रो हुन्छ।
- पक्षघात भएकाहरूलाई काँचो करेला खुवाउँदा सुधारका संकेत देखा परेका उदाहरण पनि छन् ।
- बान्ता, हैजा आदि भएमा करेलाको रसमा थोरै पानी र कालो नुन छरेर खाने गरेमा तुरुन्त लाभ मिल्छ।
- कलेजोसम्बन्धी समस्या भएकाहरूका लागि पनि करेलाको तरकारी ज्यादै उपयोगी हुन्छ।
- डायबेटिजको समस्या भएकाहरूका लागि करेलाको तरकारी उत्तम मानिन्छ । यसले शरीरमा चिनीको मात्रालाई नियन्त्रित गर्छ।
- करेला खाने गर्नाले रगत सफा हुन्छ। रगतमा हेमोग्लोबिनको मात्रा बढाउनका लागि पनि करेला खाने गर्नुपर्छ।
- बाथ रोग भएमा अथवा हातखुट्टा पोल्ने गरेमा काँचो करेलाको झोलले मालिस गरेमा फाइदा पुग्छ।

एजेन्सी

# मेलाबाट उठेको रकम पर्यटनमा लगानी

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ मा रहेको मणिबराही युवा क्लबले मेला सञ्चालन गरेर बचत भएको रु २० लाखभन्दा बढी रकम पर्यटन विकासमा परिचालन गरेको छ।

विसं २०८१ र २०८२ मा क्लबले दसैँ  पर्वको अवसरमा आयोजना गरेको मेलाबाट भएको आम्दानी पर्यटन पूर्वाधार निर्माणमा लगानी गरेको हो। क्लबका सचिव विकास पुनले पछिल्लो दुई वर्षमा क्लबमार्फत दोवाको पर्यटन, भौतिक पूर्वाधार, सामाजिक कामका लागि रु २० लाख सात हजार ७१० खर्च भएको जानकारी दिए।

"दोवादेखि धौलागिरि आइसफल जोड्ने पदमार्गको पूर्वाधार निर्माण र प्रवर्द्धनका लागि क्लबले दुई वर्षमा सबैभन्दा बढी रु सात लाख ५८ हजार २५० खर्च गरेका छौँ", उनले भने- "क्लबसँग हाल रु पाँच लाख ४९ हजार ९३७ बचत रहेको छ।"

२०८१ मा रु १५ लाख १९ हजार आम्दानी भएकोमा रु १२ लाख २२ हजार २५० र २०८२ मा रु १० लाख ३८ हजार ६४७ आम्दानी भएकोमा रु सात लाख ८५ हजार ४६० खर्च भएको छ।

पर्यटकीयस्थल सुर्केमेलामा रु तीन लाख ८१ हजार खर्चेर खानेपानीको व्यवस्था मिलाएको क्लबले दोवाको प्रवेशद्वार भीरकाटेस्थिल सडक पुलमा रु एक लाख तीन हजार खर्चेर सूचनामूलक बोर्ड राखेको सचिव पुनले बताए।  रु दुई लाख ७४ हजार खर्चेर दोवाका विभिन्न पर्यटकीयस्थलमा राख्नका लागि ४१ वटा सूचना बोर्ड तयार पारिएको छ । दोवा पोखरा समाजको भवन निर्माण तथा जग्गा खरिदका लागि रु



सात लाख सहयोग गरेको क्लबले रु चार लाख १९ हजार खर्चेर आफ्नै भवन मर्मत गरेको अध्यक्ष ठबहादुर गर्बुजाले बताउनुभयो। यस वर्ष क्लबको नाममा जग्गा खरिदको अन्तिम चरणमा रहेको छ।

दोवादेखि पातलखर्क, गरेकखर्क, देउरालीडाडा, ठूलोखानी, धैरासिर, गुराँसिनीखोला, भिराउटो, सुर्केमेला र हल्टुडे क्षेत्रमा पदमार्ग निर्माणका लागि गत आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित योजनामा क्लबले योगदान गरेको छ।

अन्नपूर्ण गाउँपालिकाले रु १० लाख बजेट विनियोजन गरेको यस योजनाका लागि क्लबले रु चार लाख २५ हजार ७६५ सहयोग गरेको र रु एक लाख २४ हजार बराबरको श्रमदान भएको सचिव पुनले बताए।   "दोवामा पर्यटक भित्र्याउने र बसाइ लम्बाइ ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढाउने तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माणमा जुटेका हौँ", उनले भने-"सोवाङ धुरी र धौलागिरि आइसफललाई दोवासँग जोड्ने उद्देश्यले थालिएको पदमार्ग निर्माण कार्यलाई निरन्तता दिन आवश्यक छ।"

# विपदसँग जुध्न उद्धार र राहतदेखि नमूना अभ्याससम्म



भेषराज बस्नेत

भौगोलिकता र मौसमी प्रतिकूलताका हिसाबले विपद्को उच्च जोखिममा रहेको बाँकेको राप्ती सोनारी गाउँपालिका विपद्सँग जुध्न उद्धार र राहतदेखि नमूना अभ्याससम्मको पूर्वतयारी गरेको छ। हरेक वर्ष मनसुन सुरु भएसँगै उर्लेर आउने राप्ती नदी र खहरे खोलाहरूले यहाँको जनजीवन अस्तव्यस्त बनाउँछन्। मानवीय बस्ती डुबानमा पर्नु, खेतीयोग्य जमिन कटान हुनुका साथै विद्यालय, स्वास्थ्य संस्था र सडकजस्ता पूर्वाधारमा क्षति पुग्नु यहाँको वार्षिक नियतिजस्तै बनिसकेको छ। तर यसपटक भने गाउँपालिका विपद् आइपरेपछि मात्रै जाग्ने पुरानो शैली बदलेर पूर्वतयारी र प्रतिकार्यमा व्यवस्थित रूपमा जुटेको छ।

राप्ती सोनारी सबैखाले विपद्बाट प्रभावित हुने क्षेत्र भएकोले यसवर्ष गाउँपालिकाले एकीकृत विपद् प्रतिकार्य योजना नै तयार पारेर प्राकृतिक विपद्सँग जुध्ने पूर्वतयारी गरेको गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेले बताए। प्राकृतिक विपदमा पछिल्ला वर्षहरूमा अपनाइएका सजगताका कारण क्षति घट्दै गएको उनको भनाइ छ।

**गाउँ–गाउँमा विपद्का बेला खटिने उद्धार टोली**

राप्ती सोनारी गाउँपालिकाले विपद पर्दा समुदायस्तरमा घटनास्थलमा खटिनसक्ने स्थानीय जनशक्ति तयार गरेको छ। बाढी, डुबान, आगलागी अथवा भूकम्पलगायतका प्राकृतिक विपद परेपछि बाहिरबाट उद्धार टोली आइपुग्न समय लाग्छ। त्यही समयभित्र घाइतेको अवस्था बिग्रिन सक्छ। यही जोखिमलाई ध्यानमा राख्दै गाउँपालिकाका सबै वडामा खटिने गरी ४९ जना स्वयंसेवक तयारी अवस्थामा रहेको राप्ती सोनारी गाउँपालिका अध्यक्ष पौडेलले बताए।

"प्राकृतिक विपद पर्दासाथ सुरक्षाकर्मी नपुग्दासम्म समुदायमा के कसो गर्ने भन्ने अलमल हुने गर्दथ्यो, अब त्यस्तो अवस्था छैन", अध्यक्ष पौडेलले भने-"अहिले बाढीमा फसेकाको उद्धारदेखि आगलागी नियन्त्रण र घाइतेलाई प्राथमिक उपचार दिने सीपसहित विपद् व्यवस्थापन स्वयंसेवक तयार भएका छन्, सुरक्षाकर्मी नपुग्दासम्म उनीहरुले विपद व्यवस्थापनको काम गर्न सक्षम भएका छन्।"

गाउँपालिकाले सशस्त्र प्रहरी बलको ४२ नम्बर रिजर्व गण शम्शेरगञ्जसँगको साझेदारीमा सञ्चालन गरेको १८ दिने तालिमपछि उनीहरू गाउँपालिकास्तरीय विपद् व्यवस्थापन स्वयंसेवकका रूपमा परिचालन भएका छन्। तालिममा विपद् व्यवस्थापनका कुरा कक्षाकोठामा सुन्ने र टिपोट गर्नेमा मात्र सीमित नगरी सम्भावित घटनास्थलमै उत्रिएर कसरी उद्धार गर्ने भन्ने अभ्यास पनि गराइएको सशस्त्र प्रहरी बलको ४२ नम्बर रिजर्व गण शम्शेरगञ्जका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक श्याम रावतले बताए।

उनका अनुसार बाढीमा फसेका व्यक्तिलाई सुरक्षित स्थानमा निकाल्ने, घरमा लागेको आगो नियन्त्रण गर्ने, पानी प्रयोग गर्न नमिल्ने ठाउँमा आगो निभाउने तरिका तथा भूकम्पपछि भत्किएको संरचनाबाट घाइतेको उद्धार गर्ने अभ्यास स्वयंसेवकले तालिमका क्रममा सिकेका छन्।

"दुर्घटना वा विपदमा घाइते व्यक्ति अस्पताल पुग्नुअघि नै जीवन गुमाउने जोखिम हुन्छ। त्यस्तो अवस्थामा सानो उपचार पनि निर्णायक हुन सक्छ, त्यसैले तालिममा सीपीआर अर्थात् मुटु तथा श्वासप्रश्वास रोकिएको अवस्थामा गरिने जीवनरक्षक विधिको समेत सैद्धान्तिक र व्यावहारिक अभ्यास गराइएको थियो", उनले भने-"घटनास्थलमा पुगेपछि घाइतेको अवस्था पहिचान गर्ने, आफू सुरक्षित रहेर उद्धार गर्ने, घाइतेलाई प्राथमिक उपचार दिने र आवश्यक परे स्वास्थ्य संस्था वा थप उद्धार टोलीसम्म सुरक्षित रूपमा पुर्‍याउने विषयमा स्वयंसेवकलाई अभ्यास गराइएको छ।"

राप्तीसोनारी गाउँपालिका-२ निवासी तालिम प्राप्त विपद व्यवस्थापन स्वयंसेवक रती वलीले तालिम लिएपछि उद्धार कार्यमा धेरै सीप जानकारी भएको जनाए। उनले तालिम लिएर आफ्नो समुदायमा विपद् उद्धार कार्यमा खटिएर सहयोग गर्न पाउँदा धेरै खुशी लागेको बताए।

विपद व्यवस्थापनसम्बन्धी कार्यरत संस्था सामाजिक विकास मञ्च बाँकेका स्रोत व्यक्ति घनश्याम उपाध्यायले विपद्को पहिलो प्रतिकार्यमा स्थानीय जनशक्तिको भूमिका महत्वपूर्ण हुने भएको उल्लेख गर्दै बाहिरबाट उद्धार टोली घटनास्थलमा पुग्नुअघि नै स्थानीय स्वयंसेवकले प्रारम्भिक उद्धार र प्राथमिक उपचार गर्न सके क्षति कम गर्न सकिने जनाए। "विपद्का बेला तत्काल परिचालन हुन सक्ने दक्ष जनशक्ति स्थानीयस्तरमै तयार गर्नु तालिमको उद्देश्य हो", उपाध्यायले भने- "व्यावहारिक सीप भएका स्वयंसेवक परिचालनबाट राप्ती सोनारीमा समुदायको विपद सामना गर्ने क्षमता बलियो भएको छ।"

राप्ती सोनारी गाउँपालिका-३ का वडाध्यक्ष मिनकुमार चौधरीले विपद व्यवस्थापनमा बाह्य उद्धार टोलीको भर पर्नुभन्दा पहिले स्थानीय समुदायलाई नै प्रतिकार्यका लागि तयार पार्ने कार्य प्रभावकारी भएको बताए। "बाहिरबाट उद्धार टोली आइपुग्नुअघि स्थानीयस्तरमै प्रारम्भिक उद्धार र प्राथमिक उपचार गर्न सक्ने जनशक्ति चाहिन्छ", उनले भने-"सबै वडाबाट स्वयंसेवक सहभागी गराएर तालिम दिइएकाले विपद्का बेला पालिकाको प्रतिकार्य प्रणालीलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेछ।"

राप्ती सोनारी गाउँपालिकामा बाढी, पहिरो र सडक अवरोधदेखि आगलागी, सर्पदंश तथा भूकम्पसम्मका जोखिम रहेको छ। विपद्का बेला सडक अवरुद्ध हुँदा उद्धार टोली तत्काल घटनास्थल पुग्न नसक्ने अवस्था पनि आउन सक्छ। त्यस्तो अवस्थामा घटनास्थल नजिकै रहेका प्रशिक्षित स्वयंसेवक नै पहिलो सहारा बन्न सक्ने वडाध्यक्ष चौधरीको भनाइ छ।

**गाउँगाउँमा सुरक्षित आश्रयस्थल निर्माण**

राप्ती सोनारी गाउँपालिकाले प्राकृतिक विपदको बेला गाउँ गाउँमा प्रभावितलाई राख्न सकिने सुरक्षित आश्रयस्थल निर्माण गरेको छ। विपद् व्यवस्थापनलाई मध्यनजर गरेर राप्ती सोनारीमा हाल करिब एक हजार पाँच सयदेखि दुई हजार जनासम्मलाई राख्न सकिने क्षमता रहेका सुरक्षित आश्रयस्थल निर्माण गरेको गाउँपालिका उपाध्यक्ष मनिषासिंह थारुले बताइन्। उनका अनुसार, राप्ती सोनारी गाउँपालिकामा अहिले पाँचवटा सुरक्षित आश्रयस्थल सञ्चालनमा छन् भने थप दुईवटा भवन निर्माणको क्रममा छन्। सञ्चालनमा रहेका पाँच आश्रयस्थलमा करिव दुई हजार जनासम्मलाई राख्न सक्ने क्षमता रहेको छ।

राप्ती सोनारी गाउँपालिकामा वर्षायाममा राप्ती नदी तथा विभिन्न खहरे खोलामा आउने बाढीका कारण मानव बस्ती डुबानमा पर्ने, खेतीयोग्य जमिन कटान हुने तथा विद्यालय, स्वास्थ्य संस्था र सडकजस्ता संरचनामा क्षति पुग्ने जोखिम रहेको छ। "राप्ती सोनारी सबैखाले विपद्बाट प्रभावित हुने गाउँपालिका हो, वर्षायाममा राप्ती नदी र विभिन्न खहरे खोलाको बाढीले मानव बस्ती डुबानमा पर्ने, खेतीयोग्य जमिन कटान हुने र विद्यालय, स्वास्थ्य संस्था तथा सडकजस्ता संरचनामा क्षति पुग्ने सम्भावना रहन्छ", उपाध्यक्ष थारुले भनिन्-"पछिल्ला वर्षमा जोखिम न्यूनीकरणका लागि पूर्वाधार निर्माण र विपद् प्रतिकार्यका योजना अघि बढाइएकाले जोखिम केही कम हुँदै गएको छ।"

गाउँपालिकाले यस वर्ष विपद् प्रतिकार्य योजनासमेत तयार गरेको छ। बाढी तथा डुबान भए प्रभावितलाई उद्धार गरी सुरक्षित आश्रयस्थलमा राख्ने, स्वास्थ्य उपचार, खाद्यान्न तथा राहत उपलब्ध गराउनेदेखि मनोसामाजिक परामर्शसम्मका लागि तयारी गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालले बताए। उनका अनुसार स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई २४सैं घण्टा तयारी अवस्थामा राखिएको छ। वडा कार्यालय, वडा विपद व्यवस्थापन समिति तथा गाउँपालिका विपद व्यवस्थापन समितिमार्फत मनसुनअघि र मनसुनपछि आवश्यक तयारी तथा व्यवस्थापनका कामलाई निरन्तरता दिइएको छ।

**बाढी पूर्वानुमानमा आधारित कृत्रिम अभ्यास**

विपद व्यवस्थापनका लागि पूर्वतयारी कति मजबुत छ भन्ने परीक्षण गर्न राप्ती सोनारीले हालै बाढी पूर्वानुमानमा आधारित 'कृत्रिम घटना अभ्यास' सञ्चालन गरेको छ। राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्वीकृत गरेको नयाँ कार्यविधि कार्यान्वयन गर्दै स्थानीय तहका रूपमा यस्तो नमुना अभ्यास गर्ने राप्ती सोनारी देशकै पहिलो पालिका बनेको छ।

राप्ती सोनारी गाउँपालिकाले आयोजना गरेको बाढी पूर्वानुमानमा आधारित कृत्रिम घटना अभ्यास कार्यक्रममा सहभागी भएकी राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उप-सचिव गोमा चेम्जोङले विपद्को उच्च जोखिममा रहेको राप्ती सोनारी गाउँपालिकाले विपदसँग जुध्न आवश्यक पूर्व सतर्कता अपनाएको बताइन्। उद्धार र राहतदेखि विपदका क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्था, सुरक्षा निकाय तथा तीनै तहका सरकारले आ-आफ्नै तरिकाले गर्दै आएको कृत्रिम घटना अभ्यासमा एकरुपता ल्याउने उद्देश्यले पहिलोपटक कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइएको कार्यविधि अनुसार राप्ती सोनारीले आवश्यक तयारी गरेको पाईएको उनको भनाइ छ।

उनका अनुसार, गत बैशाख ३१ गते कार्यकारी समितिबाट पारित भएको कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३ ले सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा हुने अभ्यासलाई व्यवस्थित र एकरुप बनाएको छ। "यसअघि विभिन्न सङ्घसंस्था र तीनै तहका सरकारले आफ्नै तरिकाले कृत्रिम घटना अभ्यास गर्दै आएका थिए। अहिले कार्यविधि बनेपछि सबै निकायले गर्ने अभ्यासमा एकरूपता ल्याउन खोजिएको हो," चेम्जोङले भनिन्-"विपद् आइहाल्यो भने उद्धारका लागि सङ्घ, प्रदेश र स्थानीय तहको क्षमता कस्तो छ भनेर मापन गर्न र आवश्यक क्षमता अभिवृद्धि गर्न पनि यसले सहयोग गर्छ।"

बाँकेमा सेभ द चिल्ड्रेनसँगको साझेदारीमा विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सामाजिक विकास मञ्चका परियोजना स्रोत व्यक्ति घनश्याम उपाध्यायले कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि-२०८३ बमोजिम नेपालमै पहिलोपटक राप्तीसोनारी गाउँपालिकामा गरिएको बाढी कृत्रिम घटना अभ्यास कार्यक्रमले बाढी आइहालेमा त्यसको प्रतिकार्य परीक्षण भएको बताए। राप्ती सोनारीमा गरिएको यो अभ्यासले विपद्को समयमा सुरक्षा निकाय, स्थानीय सरकार, स्वयंसेवक, स्वास्थ्यकर्मी, सामाजिक सङ्घसंस्था र समुदायबीचको समन्वय कति महत्वपूर्ण हुन्छ भन्ने सन्देशसमेत दिएको उनको भनाइ छ।

बाढी आएपछि उद्धार गर्नुभन्दा बाढी आउनुअघि नै समुदायलाई तयार बनाउने, उद्धार टोलीको क्षमता परीक्षण गर्ने, आवश्यक उपकरण र जनशक्ति तयारी अवस्थामा राख्ने तथा प्रभावितलाई सुरक्षित स्थानमा राख्ने पूर्वतयारीलाई प्रभावकारी बनाउन यस्ता अभ्यास उपयोगी हुने राप्ती सोनारी गाउँपालिका-३ का वडाध्यक्ष मिनकुमार चौधरीले जनाए।

# हिंसा प्रभावितलाई रिफरल संयन्त्र आवश्यक : नगरप्रमुख श्रेष्ठ



अर्घाखाँची। सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले हिंसा प्रभावित, सीमान्तकृत तथा जोखिममा रहेका व्यक्तिलाई आवश्यक सेवा सहज र एकीकृत रूपमा उपलब्ध गराउन प्रभावकारी रिफरल संयन्त्र आवश्यक रहेको बताएका छन्।

दलित चेतना विकास परिषद् नेपालको आयोजना तथा दलित महिला संघ (फेडो) र युएन वुमनको साझेदारीमा 'हाम्रो साहस परियोजना'को सहयोगमा आयोजित रिफरल सहयोग संयन्त्र स्थापना तथा छलफल कार्यक्रममा बोल्दै नगर प्रमुख श्रेष्ठले कानुनी, मनोसामाजिक, स्वास्थ्य तथा सुरक्षा सेवामा पीडितको पहुँच सुनिश्चित गर्न सरोकारवालाबिच बलियो समन्वय आवश्यक रहेको बताए।

उनले आफू निर्वाचित भएपछि समाजमा विद्यमान हानिकारक परम्परा तथा मूल्य-मान्यताको न्यूनीकरणका लागि वडास्तरदेखि नै सशक्त संयन्त्र निर्माण गरी काम गरिरहेको बताए। सामाजिक कुरीति तथा हानिकारक मूल्य-मान्यता अन्त्य गर्नु सबैको साझा दायित्व भएको उनको भनाइ थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले सामाजिक विकृति-विसंगति अन्त्य गर्दै शान्तिपूर्ण समाज निर्माणका लागि नागरिकको न्यायमा पहुँच बढाउनुपर्ने बताए। पीडितमैत्री न्याय सम्पादन र कानुनी सहायतालाई प्रभावकारी बनाउन राज्यका सबै निकाय तथा जनप्रतिनिधिले न्यायमा पहुँचका अवरोध हटाउन भूमिका खेल्नुपर्ने उनको भनाइ थियो।

प्रहरी नायब उपरीक्षक (डीएसपी) दिवस जीसीले सीमान्तकृत तथा दलित समुदायसँग सम्बन्धित घटनाको सूक्ष्म अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रतिबद्ध रहेको बताए। घटनालाई प्रभावकारी रूपमा कानुनी प्रक्रियामा ल्याउन सबै पक्ष जिम्मेवार र प्रतिबद्ध हुनुपर्ने उनले जनाए।

कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, सन्धिखर्क नगरपालिका-२ का अध्यक्ष मोतिजङ्ग रायमाझी, वडा नं. ७ का अध्यक्ष चुराबहादुर केसी, न्यायिक समितिका सदस्य चोपनारायण श्रेष्ठलगायतले मन्तव्य राखेका थिए। संस्थाकी सहजकर्ता राधा नेपालीको अध्यक्षता तथा पत्रकार अनिल नेपालीको सञ्चालनमा सम्पन्न कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीको सहभागिता थियो।

दलित चेतना विकास परिषद् नेपालले जिल्लामा सामाजिक कुरीति तथा हानिकारक परम्पराविरुद्ध समतामूलक समाज निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

# तेश्रो गौतमबुद्ध कपको उपाधि रेन्वो एकेडेमीलाई

कञ्चन। रुपन्देहीको कञ्चनमा जापानिज भाषा प्रशिक्षणमा अव्वल कन्सल्टेन्सीको रुपमा स्थापित रेन्वो एकेडेमी एजुकेशनल कन्सल्टेन्सीले गौतमबुद्ध कप २०८३ को तेश्रो श्रंखलाको उपाधी पनि आफ्नै पोल्टामा पारेको छ। गौतमबुद्ध सामुदायिक विकास केन्द्र, कञ्चन ५ पिपरीचापा रुपन्देहीको आयोजनामा सञ्चालित तेश्रो गौतमबुद्ध कप नाइन ए साइड नकआउट फुटबल प्रतियोगिता अवधीभर रेन्वो एकेडेमीले हरेक प्रतिस्पर्धालाई आफ्नो कब्जा पार्दै उपाधि समेत आफ्नो पक्षमा पार्न सफल भएको हो।

हरतालिका तीजको अवसरमा सञ्चालित प्रतियोगितामा आयोजक टिम गौतमबुद्ध सामुदायिक विकास केन्द्र र रेन्वो एकेडेकीबिच भएको अन्तिम प्रतिस्पर्धामा रेन्वोले २-१ गोल अन्तरले गौतमबुद्धलाई पराजित गर्दै उपाधि चुम्न सफल भएको थियो। यस जितसंगै रेन्वो एकेडेमीले शैक्षिक क्षत्रमा मात्र होइन खेलकुदमा समेत आफ्नो दक्षतालाई आम दर्शक बिच प्रदर्शन गर्न सफल भएको छ। रेन्वो एकेडेमीलाई उपाधि हात हात पार्नका लागि मिलन आले र आशिष गुरुङ्गले १-१ गोल गरेका थिए भने गौतमबुद्धका लागि सवि गुरुङ्गले सान्त्वना स्वरुप १ गोल गरेका थिए।

रेन्वो एकेडेमीले उपाधी हातपारेसंगै नगद १ लाख, २२ हजार २२२ रुपैयाँसहित कप, मेडल र प्रमाण पत्र प्राप्त गर्न सफल भएको छ भने उपविजेतामा चित्त बुझाउन बाध्य गौतमबुद्ध सामुदायिक विकास केन्द्रले नगद ७२ हजार २२२ रुपैयाँसहित कप, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेताका लागि नगद पुरस्कार भने दाजु श्यामबहादुर बुढा मगरको सम्झनामा भाई विपिन बुढा मगरको परिवारले सौजन्य गरेको केन्द्रका खेलसंयोजक रोशन पुनले जानककारी दिए। कञ्चनका पूर्व खेलाडी समेत रहनु भएका विपिन बुढा मगर हाल अमेरिका बस्दै आउनु भएको छ।

विगत एक दशकदेखि अध्ययन तथा रोजगारमा जापानिज भाषा परीक्षामा शतप्रतिशत विद्यार्थीहरु उत्तीर्ण गराई जापान पठाउन सफल हुँदै आइरहेको रेन्वो एकेडेमीले युवाहरुमा खेलकुद प्रति आकर्षीत गर्ने उद्देश्यका साथ कञ्चन, गैंडहवा र सैनामैनाका ३० फुटवल क्लबहरुका लागि जनही १७ सेट जर्सी र फुटबल समेत निःशुल्क रुपमा सौजन्य समेत गरेको थियो। यस्तै प्रतियोगिताको अन्तिम प्रतिस्पर्धामा रेन्वो एकेडेमीका आशिष गुरुङ्ग म्यान अफ द म्याच भएका छन्।

गौतमबुद्धका सुमित मल्लाह प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भएसंगै सुमितिले होण्डा साकइकल प्राप्त गरेका छन्। यसैगरी उदीयमान खेलाडीको रुपमा गौतमबुद्धका प्रविन बि.क., रेन्वो एकेडेमीका भिम पुन उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ता रेन्वोकै सुरज थारु र उत्कृष्ट डिफेण्डरको रुपमा रेन्वो एकेडेमीका आशिष गुरुङ्ग पुरस्कृत भएका छन्। उनिहरुले जनही ३ हजार १ सय नगद पुरस्कारसहित ट्रफी प्राप्त गर्न सफल भएका छ। यस्तै प्रत्येक खेलका म्यान अफ द म्याच खेलाडीहरुलाई समेत जनही १-१ हजार नगद पुरस्कार र ट्रफी प्रदान गरिएको थियो।

प्रतियोगिताका विजेता तथा उपविजेता टिमहरुलाई सम्मान तथा पुरस्कार प्रदान गर्दै कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले खेलकुद विना कुनै पनि विकास, एकता, समन्वय र सहकार्यको परिकल्पना गर्न नसकिने विचार व्यक्त गरेकी थिइन्। कार्यक्रमका प्रमुख अतिथि समेत रहेकी उपाध्यक्ष थापा मगरले कञ्चनको खेलकुद विकासमा गौतमबुद्ध सामुदायिक विकास केन्द्रले गरेको मेहनत र लगानी अतुलनीय रहेको उल्लेख गर्दै खेलकुदले हार र जितको मात्र नभई अनुशासन, धैर्यत, एकता, सहनशिलताको व्यबहारमा प्रयोग गराउने उपाध्यक्ष थापा मगरले जनाइन्।

**सिल**...

आयल निगमको प्रविधिक सहितको टोलीले पम्पलाई सिल गरि पम्पधनि, ट्याङ्कर र चालकलाई समेत नियमानुसार कारबाही गर्नेछ।

नेपाल आयल निगमका लागि भलबारीस्थित निगममा आउनु पर्ने ती ट्याङ्करबाट बाटोमै डिजेल निकालिएको अवस्थामा प्रहरीले ती ट्याङ्कर नियन्त्रणमा लिएको हो। 'दुवै ट्याङ्करको शिल जोगाएर जेकको मद्दतले डिजेल निकालिरहेको अवस्थामा ती ट्याङ्करलाई नियन्त्रणमा लिइएको हो,' एक प्रहरीले भने-'ती दुईवटा ट्याङ्करलाई नियन्त्रणमा लिने क्रममा अर्को एउटा ट्याङ्कर पम्पबाट भागेर बाहिरिएको र केही संलग्नहरु भागेको छ।'

प्रहरी आएपछि पेट्रोल पम्प सञ्चालक समेत फरार रहेका छन्। निगमले घटनाबारे अध्ययन तथा छानबिन प्रक्रिया अघि बढाएको छ।

निगमका लुम्बिनी प्रादेशिक कार्यालय प्रमुख शैलेन्द्र भुषालले घटनाको अनुसन्धान भइरहेको बताए। छानबिनबाट अनधिकृत रूपमा पेट्रोलियम पदार्थ निकालिएको पुष्टि भएमा ट्याङ्कर जफत गर्नुका साथै ट्याङ्कर धनी, चालक, सहचालक र पेट्रोल पम्प सञ्चालकलाई कानुन तथा निगमको नियमअनुसार कारबाही गरिने उनले बताए।

नेपाल आयल निगमले ढुवानीका क्रममा पेट्रोलियम पदार्थ चोरी तथा अनधिकृत रूपमा बिक्री हुन नदिन ट्याङ्करमा विशेष शिल तथा तालाबन्दी गर्ने व्यवस्था गरेको छ। यस्तो शिल लोडिङ र अनलोडिङ हुने निर्धारित स्थानमा मात्र खोल्न मिल्ने हुन्छ। अमलेखगञ्जबाट लोड भएर आउने ट्याङ्कर भलवारीस्थित निगम कार्यालयमा पुगेपछि गुणस्तर तथा परिमाण परीक्षण गरिन्छ। त्यसपछि मात्र सम्बन्धित पेट्रोल पम्पलाई पेट्रोलियम पदार्थ आपूर्ति गर्ने व्यवस्था छ।

एक पम्प सञ्चालकका अनुसार चिसोको समय तेलको आयतन कम हुने र गर्मी बढेपछि तेलको आयतन बढ्ने गर्छ। रातीको समयमा भरेको तेल गर्मी र तेल हल्लिएर नेपाल आउदा तेलको परिमाण बढ्ने भएकोले ट्याङ्कर चालकहरुले यो उपाय गरेको हुन सक्ने बताए। आयल निगममा जादा तेल बढेपछि आयल निगमलाई फाइदा हुनुभन्दा चालककै फाइदा होस् भन्नका लागि सिल नतोडेर जेक लगाई चेम्बरको ढक्कन खोलेर तेल चोरी गर्ने गरेका हुन्।

भलवारी डिपोले सिलको अवस्था नियमित रूपमा जाँच नगरेको तथा आयात भएर आएको पेट्रोलियम पदार्थको पर्याप्त नापजाँच नगरेको ती स्रोतको भनाइ छ।

भलवारी डिपोका लागि पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्याङ्करबाट यसअघि पनि तेल चोरीका घटना हुने गरेको थियो। पछिल्लो घटनाले पेट्रोलियम पदार्थ ढुवानी, सिल परीक्षण र डिपोमा हुने नापजाँच प्रणालीमाथि समेत प्रश्न उठाएको छ।

**चोरीको** ...

निर्दोष व्यवसायी, चालक वा सहचालकमाथि अनावश्यक आरोप वा कारबाही नगर्न पनि संघले सम्बन्धित निकायलाई आग्रह गरेको छ। अनुसन्धानका क्रममा संघसँग आवश्यक जानकारी वा सहयोग मागिएमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता संघले जनाएको छ।

संघले घटनामा संलग्न चालक तथा सहचालकलाई संघबाट उपलब्ध हुने सुविधाबाट वञ्चित गर्ने निर्णयसमेत गरेको जनाएको छ।

**रेडियोलोजिस्ट**...

अस्पतालमा रेडियोलोजिस्ट चिकित्सकको अभाव लामो समयसम्म रहँदा आकस्मिक तथा जटिल प्रकृतिका बिरामीको उपचारमा समेत प्रत्यक्ष असर पर्न सक्ने स्वास्थ्यकर्मीहरू बताउँछन्। दुर्घटना, चोटपटक, गर्भावस्था तथा विभिन्न आन्तरिक रोगको अवस्था पहिचानका लागि रेडियोलोजी सेवा महत्वपूर्ण हुने भएकाले अस्पतालमा विशेषज्ञ चिकित्सकको नियमित उपस्थिति आवश्यक रहेको उनीहरूको भनाइ छ। जिल्लाको प्रमुख सरकारी अस्पतालका रूपमा रहेको पृथ्वीचन्द्र अस्पतालमा दैनिक ठूलो संख्यामा बिरामी उपचारका लागि आउने गरेका छन्। विशेषगरी ग्रामीण तथा विपन्न क्षेत्रका नागरिकले सहज र सस्तो स्वास्थ्य सेवाको अपेक्षासहित अस्पतालमा उपचार गराउँदै आएका छन्।

रेडियोलोजिस्टको व्यवस्था गरी रेडियोलोजी सेवा नियमित र प्रभावकारी बनाउनुपर्ने मागसमेत उठेको छ।

स्थानीयवासी तथा सेवाग्राहीले सरकारी अस्पतालमा आवश्यक विशेषज्ञ जनशक्तिको तत्काल व्यवस्था गरी बिरामीलाई सहज, गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग अध्यक्ष चौधरीले अग्रह गरेका छन्।

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८०७७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## संसद बैठक :

# सरकारमाथि सांसदहरूका प्रश्नै प्रश्न

**प्रधानमन्त्रीको सचिवालयका मान्छेले मध्यराती पेस्तोल भिराएर सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशकलाई रेडकर्नर नोटिस जारी गराउन लगाइएको, गृहमन्त्री गुरुङको सम्पत्तिको श्रोत, मुलुकभर खाद्यान्न लगायतमा मूल्यवृद्धि, सुरुङमा बेपत्ताको खोज तथा उद्धारको स्थितिबारे सरकारले जानकारी गराउनुपर्ने सांसदहरुले माग गरेका छन् ।**

लुम्बिनी संवाददाता

*बुटवल*

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्रीको सचिवालयका मान्छेले मध्यराती पेस्तोल भिराएर सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशकलाई रेडकर्नर नोटिस जारी गराउन लगाइएको विषयमा सरकारसँग जवाफ माग गरेको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद चन्द्रमोहन यादवले यस घटनाबारे सरकारसँग जवाफ माग गरेका हुन् । यसअघि सत्तारुढ दल रष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)कै सांसद अमरेशकुमार सिंहले सरकारले राति १ बजे पेस्तोल भिराएर रेडकर्नर नोटिस जारी गर्न लगाउने जस्ता कार्य गरेको भन्दै सरकारको आलोचना गरेका थिए ।

गत बिहीबारको सभाको बैठकमा सांसद सिहले भनेका थिए-‘म यहाँ धेरै घटना उल्लेख गर्न चाहन्नँ कि सम्पत्ति शुद्धीकरणको डीजीलाई बोलाएर कसैको कन्चटमा राति १ बजे पेस्तोल भिराइन्छ र भनिन्छ कि यसलाई २ घण्टाभित्र रेड कर्नर नोटिस जारी गर ।’ सांसद यादवले सरकार र सत्तारुढ दलका सांसदहरुको अभिव्यक्ति लोकतान्त्रिक मूल्यमान्यताविपरित रहेको भन्दै आलोचना समेत गरे। उनले सांसदहरूले प्रश्न गर्दा मन्त्रीले धम्कीपूर्ण भाषा प्रयोग गरेको विषयमा पनि आपत्ति जनाए । उनले भने-‘म सत्तारुढ दलका माननीयज्यूहरुले सार्वजनिक रुपमा दिएको वक्तव्यबारे ध्यानाकर्षण गराउन चाहन्छु । कतै कन्चटमै पेस्तोल राखेर थर्काएको कुरा आएको छ । कतै प्रश्न गर्दा धम्की आएको कुरा पनि सुन्नमा आएको छ । यो अत्यन्तै अलोकतान्त्रिक कुरा हो । यसमा सरकारको के जवाफ छ ? हामी सुन्न चाहन्छौं। लोकतन्त्रको मूल्य नै भयरहित समाजको निर्माण भएको हुनाले यो विषय अत्यन्त गम्भीर छ ।’ उनले लोकतन्त्रको मूल्य भयरहित समाजको निर्माण भएको भएको भन्दै यस सम्बन्धमा सरकारले जवाफ दिनुपर्ने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेले प्रस्ताव गरेअनुसार सर्वदलीय संयन्त्र नबनेकोबारे नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी(नेकपा)ले प्रश्न उठाएका छन् । मंगलबारको प्रतिनिधिसभाको बैठकमा बोल्दै एमाले संसदीय दलकी उपनेता पद्मा अर्याल र नेकपाका सांसद प्रमेशकुमार हमालले प्रश्न उठाएका हुन् । ‘हामीले भन्दै आएका छौं र फेरि पनि भन्छौं- राहत, खोज-उद्धार, पुनर्स्थापना र पुनर्निर्माणका काम थप प्रभावकारी बनाउन सहयोग पुग्नेगरी सर्वदलीय विशेष संसदीय समिति गठन गरियोस् ।’- एमाले उपनेता अर्यालले भनिन् ।

नेकपा सांसद हमालले सत्ताधारी दलको सभापति लामिछानेले सर्वदलीय सहमतिको आधारमा संयन्त्र बनाउने भनेर गरेको प्रस्ताव अगाडि बढाउन आवश्यक रहेको बताए। रसुवामा विनाशकारी बाढी गएको भोलिपल्टै भदौ ११ गते रास्वपा सभापति लामिछानेले विपद्पछिको उद्धार, राहत र पुनर्स्थापनाका लागि उच्चस्तरीय सर्वदलीय संयन्त्र बनाउन प्रस्ताव गरेका थिए ।

बैठकमा रास्वपा, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, श्रम संस्कृति पार्टी, राप्रपा, जसपा र जनमत पार्टीका शीर्ष नेताहरू सहभागी थिए। बैठकमा लामिछानेले उद्धार, राहतदेखि पुनर्स्थापनासम्म सरकारलाई सघाउनेगरी सर्वदलीय समिति वा संसदीय समिति बनाउन प्रस्ताव गरेका थिए।

‘उद्धार, राहतदेखि पुनर्स्थापनासम्म सर्वदलीय समिति वा संसदीय वा सर्वपक्षीय समिति गठन गरौं । जसले सरकारलाई निर्णय गर्न सहज होस् ।’- उनले भनेका थिए। लामिछानेको प्रस्तावमा अन्य दलले पनि सहमति जनाएका थिए । सोही बैठकले जारी गरेको १० बुँदे संकल्पमा दीर्घकालीन समाधानका लागि उच्चस्तरीय सर्वदलीय संयन्त्र बनाउने विषय समेटिएको थियो ।

संकल्पको १० नम्बर बुँदामा भनिएको थियो-‘विपद्पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, राष्ट्रिय विपद् नीतिमा समयानुकूल सुधार र सरकारका कामकारबाहीलाई निरन्तर सल्लाह, सहयोग र अनुगमन गर्न संसदीय समिति गठन गर्न हामी सहमत भएका छौं ।’ उक्त संयन्त्रले संकटको समयमा मात्र नभई विपद्पूर्व तयारी र दिगो विकासका एजेन्डामा राष्ट्रिय सहमति निर्माण गर्दै नीतिगत सुधारमा भूमिका खेल्ने उल्लेख थियो। तर, हालसम्म उक्त संयन्त्र गठन हुनसकेको छैन। यसप्रति संसद्मा विपक्षी दलहरूले प्रश्न उठाएका हुन् ।

नेकपा (एमाले) संसदीय दलकी उपनेता पद्मा अर्यालले सरकारको बचाउका नाममा भोटेकोसी बाढीपीडितलाई अश्लिल र अमर्यादित गाली गरिएको भन्दै आपत्ति जनाएकी छन् । मंगलबारको प्रतिनिधिसभा बैठकमा उनले पीडितलाई नै दोषी बनाउन खोजिएको बताइन् । सरकार असफल बनाउन अमुक दलले उक्सायो भन्दै पीडितमाथि राजनीतिक र अपमान गरिएको बताइन्। “पीडामा परेका नागरिकलाई पहिले नागरिकका रूपमा हेरौँ, राजनीतिक कार्यकर्ताका रूपमा होइन । सरकारको आलोचना भयो भन्दैमा आँशुमा पनि राजनीतिक रङ खोज्ने,” अर्यालले भनिन्-“आफन्तको शव खोजिरहेको नागरिकलाई दलको समर्थक वा विरोध भनेर छुट्याउने कस्तो राजनीति ?”

उनले प्रधानमन्त्री बालेन्द्र शाहको नामबाट सञ्चालन गरिएको सामाजिक सञ्जालका आईडीबाट समेत विरोध र आक्रोशको वर्षा हुनु खेदजनक भएको धारणा राखिन् । उनले प्रधानमन्त्रीको नाममा आईडी बनाएर दुरुपयोग गर्नेलाई कारबाही गर्न आग्रह गरिन् । “प्रधानमन्त्रीज्यू तपाईंको नाममा सञ्चालित अन्य आईडीबारे जिम्मा लिनुस्,” उनले भनिन्-“होइन भने तपाईंको आधिकारिकबाहेक सबै नामका आईडी तत्काल बन्द गर्नुस् ।”

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद रमेशकुमार मल्लले रसुवाको भोटेकोशी बाढीपछि जलविद्युत् आयोजनाका सुरुङमा बेपत्ता नागरिकको खोज तथा उद्धार कार्यको उपलब्धिबारे संसदलाई जानकारी गराउन माग गरेका छन् ।

प्रतिनिधिसभाको मंलगबारको बैठकमा बोल्दै उनले जलविद्युत् आयोजनाका सुरुङमध्ये कति वटामा खोज तथा उद्धार कार्य सम्पन्न भयो ? र कति वटामा अझै जारी छ भन्नेबारे सरकारले संसदलाई जानकारी गराउनुपर्ने बताए ।

‘जलविद्युत आयोजनाका सुरुङहरूमध्ये कति वटामा खोज र उद्धार कार्य सम्पन्न भयो ? कति वटामा जारी छ ? माथिल्लो त्रिशूली ए (२१६ मेगावाट)को खोजि कार्यको पछिल्लो अवस्था के छ ? धेरै जना पीडितहरू आफन्तको अन्तिम संस्कार गर्नको लागि डीएनए रिपोर्टको पर्खाइमा हुनुहुन्छ ।’- सांसद मल्लले भने । सांसद मल्लले मृतक तथा बेपत्ता व्यक्तिको पहिचानका लागि भइरहेको डीएनए परीक्षण तत्काल सम्पन्न गरी त्यसको औपचारिक जानकारी पीडित परिवार र आम नागरिकलाई दिन सरकारसँग माग गरे । बाढीपीडित परिवार आफन्तको अन्तिम संस्कार गर्न डीएनए रिपोर्टको पर्खाइमा रहेको उल्लेख उनले गरे ।

‘परीक्षण कहिले सकिन्छ र आम नागरिकले त्यसको औपचारिक जानकारी कहिले पाउँछन् ? प्रहरी संगठनले मृतक तथा बेपत्ता सुरक्षाकर्मीको लागि राहत घोषणा गरेजस्तै मृतक परिवारको राहत तथा उद्धार कार्यको लागि सरकारले राहत प्याकेज कहिलेसम्म घोषणा गर्छ ? होल्डिङ सेन्टरमा रहेका बालबालिकाको नियमित पठनपाठन कहिलेखि सुरु हुन्छ ? बालबालिकाकेन्द्रित मनोपरामर्श र किशोरी सुरक्षाको कार्यक्रम तत्काल सुरु गरियोस् ।’- सांसद मल्लले भने । प्रतिनिधिसभाको बैठकमा गृहमन्त्री सुधन गुरुङको सम्पत्ति छानबिन प्रतिवेदन सार्वजनिक गर्न माग गरिएको छ। नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले गृहमन्त्री गुरुङको सम्पत्ति छानबिन प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरेका हुन् । गृहमन्त्री गुरुङको सम्पत्ति, शेयर लगानी तथा व्यवसायीसँगको सम्बन्धबारे उठेका प्रश्नबारेको छानबिन प्रतिवेदन जनताले जान्न पाउनुपर्ने सांसद केरुङको भनाइ छ।

स्वार्थको द्वन्द्व नहोस् र आफूविरुद्ध निष्पक्ष छानबिन होस् भन्दै गृहमन्त्री गुरुङले वैशाख ९ गते राजीनामा दिएका थिए। त्यसपछि सरकारले पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारीको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिले गृहमन्त्रीको सम्पत्ति, आम्दानीको स्रोत, ऋण, शेयर लगानी, बैंक मौज्दातलगायत विषयमा अध्ययन गरी ४५ पृष्ठको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको भए पनि सार्वजनिक भएको छैन ।

सांसद केरुङले प्रतिवेदन सार्वजनिक नगरी गुरुङलाई पुनः मन्त्री नियुक्त गर्नुले सरकारको पारदर्शिता र सुशासनमाथि प्रश्न उठेको बताए । ‘छानबिनका लागि मार्ग प्रशस्त गर्ने उहाँको कदमलाई राजनीतिक संस्कारको प्रारम्भ नै होला भन्ने सभ्य समाजमा लागेको थियो । प्रतिवेदन सार्वजनिक नगरी त्यसपछाडि फेरि गृहमन्त्री बन्नुभयो, अब जनताको प्रश्न भनेको गृहमन्त्रीको व्यक्तिगत सम्पत्तिबारे होइन सम्माननीय सभामुख महोदय, सरकारको पारदर्शिता र सुशासनप्रति हो ।’- उनले भने ।

प्रतिवेदनका आधारमा सरकारले गृहमन्त्रीलाई निर्दोष ठहर गरेको भए त्यसको आधार, प्रमाण र बयान सार्वजनिक गर्न सांसद केरुङको माग छ

प्रतिपक्षी दल नेकपा एमालेले वर्तमान सरकार ग्यास वितरणसमेत गर्न नसकेर लाचार सावित भएको आरोप लगाएको छ। मंगलबार प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्दै एमाले सांसद पद्मा अर्यालले यस्तो आरोप लगाएकी हुन् । ‘एक सुत्केरीका श्रीमान्ले ग्यास नपाएर खोलामा हाम फालेको घटना ताजै छ। यो सरकार ग्यास वितरणसमेत गर्न नसकेर लाचार सावित भएको छ,’ उनले भनिन्-‘यो कृत्रिम अभावले ज्यालामा रोजगारी गर्ने ६५ प्रतिशतभन्दा बढी जनतालाई आक्रान्त बनाएको छ ।’ साथै, जनता महँगो मूल्यमा ग्यास किन्न बाध्य भएकोप्रति उनले आपत्ति जनाइन् ।

‘अहिले भइरहेको ग्यासको अभाव सरकारलाई सामान्य लाग्न सक्छ । तर गरिखाने वर्ग, मजदुर, विद्यार्थी, अपांग भएका व्यक्ति तथा समग्र निम्न वर्गका लागि खाना पकाउने ग्यासको अभावका कारण आक्रान्त छ,’ सांसद अर्यालले भनिन्-‘एउटा मात्रै ग्यास सिलिन्डर हुने र त्यही दिन ग्यास साटेर ल्याउने परिवारको संख्या कति छ ? त्यसको तथ्यांक सरकारसँग छ ?’ उनले थप व्याख्या गर्दै भनिन्, ‘महँगो मूल्यमा ग्यास किन्न बाध्य जनता छन् । निम्न वर्गका लागि विद्युतीय चुल्होको सुविधा छैन। काम छाडेर ग्यास खोज्न जाने कि काम गर्न जाने ?’

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ताहिर अली भाटले आइतबार दिँदै आएको सार्वजनिक बिदा कटौती गर्न सरकारसँग माग गरेका छन् । प्रतिनिधिसभाको मंगलवारको बैठकमा बोल्दै उनले सातामा दुई दिन बिदा दिने सरकारको निर्णयले शैक्षिक संस्थाहरूमा अध्ययन अध्यापन प्रभावित भएको बताए। आइतबारको बिदा कसैलाई पनि नचाहिएको बताउँदै उनले आइतबारको बिदा खारेज गरी सातामा एकदिन शनिवार मात्र बिदा दिने व्यवस्था कायम गर्न माग गरे । ‘विपद्को समयमा मुस्लिम समूदायले पनि सहयोग गर्ने वातारण निर्माणमा सहयोग गर्ने सबैमा धन्यवाद भन्न चाहन्छु। र यो आइतबारको बिदा कसैलाई पनि चाहिएको छैन,’ उनले भने-‘शैक्षिक संस्थादेखि सबै ठाउँहरूमा यसले नकारात्मक असर पारिरहेको छ। त्यसकारण सरकारले आइतबारको बिदा कटौती गरेर पहिलेकै शनिवारको बिदा कायम गरोस् ।’

सरकारले मध्यपश्चिममा भएको तनावका कारण पेट्रोलियम पदार्थको आयात प्रभावित हुँदा कम खपतका गर्न भन्दै गत २०८२ चैत २३ गतेबाट सातामा दुई दिन बिदा दिने निर्णय गरेको थियो ।

परराष्ट्रमन्त्री शिशिर खनालले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न वर्तमान सरकार पूर्ण प्रतिबद्ध रहेको बताएका छन् । भारत भ्रमणका क्रममा आफूले द्विपक्षीय वार्तामा व्यक्त गरेको ‘वर्तमान सरकारसँग पुरानो ब्यागेज नभएको’ अभिव्यक्तिको आशय विगतमा देखिँदै आएको आन्तरिक राजनीतिक ध्रुवीकरण तथा परराष्ट्र नीति र कूटनीतिको संकीर्ण राजनीतिक अस्त्रीकरणबाट मुक्त हुनु रहेको बताएका हुन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा परराष्ट्रमन्त्री खनालले ‘ओल्ड ब्यागेज’ भन्ने अभिव्यक्ति नेपालको गरिमामय इतिहास, राष्ट्रिय विरासत, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्रिय हितको रक्षा र ऐतिहासिक दस्ताबेजहरूको संरक्षणप्रति लक्षित नभएको स्पष्ट पारे ।

बैठकमा सांसद सीता थपलियाले परराष्ट्रमन्त्री खनालले भारत भ्रमणका क्रममा द्विपक्षीय वार्तामा ‘वर्तमान सरकारसँग पुरानो ब्यागेज नभएको’ अभिव्यक्ति दिएको सन्दर्भमा त्यसको अर्थ, विगतका सरकारका कुन-कुन निर्णय ‘ब्यागेज’ हुन्, लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको नक्सालाई संविधानमा समावेश गर्ने निर्णय ‘पुरानो ब्यागेज’ हो कि होइन तथा विगतका सरकारका परराष्ट्र नीतिमा के-कस्ता गल्ती भए भन्ने विषयमा प्रश्न गरेकी थिइन् । प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री खनालले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न वर्तमान सरकार पूर्ण प्रतिबद्ध रहेको बताएका हुन् । उनले उक्त अभिव्यक्तिलाई राज्य र सरकारको निरन्तरता तथा राज्यको विरासतविपरीत अर्थ लगाउनु अतिशयोक्तिपूर्ण हुने बताए ।

मन्त्री खनालले भने-‘यो अभिव्यक्तिको ‘राज्य र सरकार निरन्तर उत्तराधिकारवाला संस्था हो’ भन्ने स्थापित राजनीतिक मान्यता एवं राज्यको विरासतविपरीत अर्थ लगाउनु अतिशयोक्ति पूर्ण हुन जान्छ । छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई आन्तरिक राजनीतिक लाभहानिको औजार बनाउने गलत अभ्यास नै विगतको ‘बोझ’ हो, जसलाई त्यागेर अघि बढ्न वर्तमान सरकार दृढ छ, भन्ने स्पष्ट सन्देश दिन खोजेको व्यहोरा अनुरोध गर्न चाहन्छु।’ लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको राजनीतिक नक्सा तथा त्यसलाई अनुमोदन गर्ने संविधान संशोधन संसद्को सर्वसम्मत निर्णय र समग्र नेपाली जनताको साझा राष्ट्रिय संकल्प भएको उनले बताए । मन्त्री खनालले भने-‘लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको राजनीतिक नक्सा र त्यसलाई अनुमोदन गर्ने संविधान संशोधन संसद्को सर्वसम्मत निर्णय तथा समग्र नेपाली जनताको साझा राष्ट्रिय संकल्प हो । यो हाम्रो संवैधानिक र सार्वभौम दस्तावेज हो, जसलाई कुनै पनि सन्दर्भमा ‘बोझ’ मान्न सकिँदैन ।’

उनले भने-‘यो अभिव्यक्ति मुलुकको गरिमामय इतिहास, राष्ट्रिय विरासत, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हितको रक्षा तथा ऐतिहासिक दस्तावेजहरू संरक्षणप्रति लक्षित होइन ।’ उनले नेपालले छिमेकी एवम् मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने दिशामा उच्चस्तरीय भ्रमणहरूको महत्त्वपूर्ण भूमिका रहने बताए। उनले ५ देखि ७ जुन २०२६ सम्म भारत र १४ देखि १७ जुन २०२६ सम्म चीनको औपचारिक भ्रमण गरेका थिए।

नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का प्रमुख सचेतक युवराज दुलालले संसद्मा सांसदहरूको उपस्थिति कमजोर रहेको विषयमा असन्तोष व्यक्त गरेका छन् । मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले सत्तारूढ दलको १८२ सिट हुँदा पनि संसद्मा सांसदको नगन्य उपस्थिति रहने गरेकामा असन्तुष्टि व्यक्त गरेका हुन्। ‘ताजा जनादेशबाट नयाँ कानुन निर्माण गरेर देश विकास गर्ने संकल्प बोकेर आएको संसद्को माननीयको उपस्थिति देख्दा टिठ लाग्छ ।’- उनले भने । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल रास्वपा एक्लैको १८२ सिट छ । स्वतन्त्र सांसद महावीर पुनसमेत सरकारमा भएकाले १८३ पुगेको भन्दै उनले थपे-‘१८३ सिटको गह्रौं भारीको सदस्यता भएको दलको आज ३० जना पनि संसद्मा उपस्थिति नहुनु र अन्य माननीयको पनि यो खालको उपस्थिति धेरै नै दयनीय खालको छ ।’ यो विषय उनले नागरिकले आफ्ना सांसदलाई सचेत गराउन आवश्यक रहेको बताए ।

मुलुकभर खाद्यान्न लगायतमा मूल्यवृद्धि भएको विषय संसदमा उठेको छ। काभ्रेबाट निर्वाचित सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद बदनकुमार भण्डारीले प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा खाद्यान्न, इन्धन लगायतमा अचाक्ली मूल्य बढ्नुका कारण सरकारसँग सोधेका हुन् । ग्यासको अभाव र लाइन त छँदैछ, पछिल्लो एक महिनाको अवधिमा जीरा मसिनो चामले २२ सयबाट २६ सय भएको छ। लङग्रेन ३२ सयबाट ३६ सय पुगेको छ। मासको दाल एक केजीको १ सय ४० बाट २ सय पुगेको छ। रहरको दाल १ सय ९० बाट बढेर २ सय १० पुगेको छ।

तेल सलफ्लावर प्रतिलिटर २ सय ८० बाट ३ सय १० पुगेको छ । भटमासको तेल २ सय ७० बाट ३ सय पुगेको छ,’ उनले भने- ‘चिनी १ सय ४० कटिसकेको छ। अण्डा प्रतिक्रेट ६ सय ५ पुगेको छ ।’ सांसद भण्डारीले मूल्यवृद्धि नियन्त्रणमा सरकारले गरिरहेको काम पनि सोधे । ‘अनियन्त्रित ढंगबाट मूल्यवृद्धि भएको छ। यो मूल्यवृद्धि हुनुको कारण के हो? र मूल्यवृद्धि नियन्त्रणमा सम्बन्धित मन्त्रालयको र सरकारको योजना के रहेको छ ?’ -उनले भने। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपाका) सांसद गणेश कार्कीले संसद् एआईमय र कठपुतली बनेको टिप्पणी गरेका छन् । मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् । कार्कीले संसद्को बिजनेस संसद् आफैंले तय गर्नुपर्ने बताए । बिजनेसका लागि सरकारको मुख संसद्ले ताक्न नहुने उनको भनाइ छ। सरकारले जे ल्याए पनि सत्तारुढले समर्थन गर्नैपर्ने र विपक्षीले आलोचना नै गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उनले बताए । शक्ति पृथकीकरणको सिद्धान्त कागजमै सीमित रहेको उनको भनाइ छ । “शक्ति पृथकीकरणमा भनिन्छ, न्यायपालिका, संसद्, सरकार । तर, यो कागजी मात्र हो,” कार्कीले भने-“व्यवहारमा त सरकार कुसुले र संसद् कठपुतली भएको छ ।’’ पार्टी र संसदीय दलको केही सीमा, अनुशासन हुनुपर्ने उनको भनाइ छ। त्यसको नाममा सांसदलाई कठपुतली बनाउन नहुने उनको भनाइ छ । ‘त्यो सीमालाई सिक्री बनाएर सांसदजति सबै कठपुतली मात्रै बन्नुपर्ने हो र ?’- उनको प्रश्न छ । सांसदको मूल्यांकन गलत तरिकाले भइरहेको उनको भनाइ छ। “कति अध्ययन गरेर बहस गरियो, कति प्रभावकारी संशोधन प्रस्ताव राखियो, कानुन निर्माणमा कति योगदान पुऱ्यायो भन्दा पनि कति चर्चामा आयो, कति विवादमा आयो वा सामाजिक सञ्जालमा कति चर्चा भयो भन्ने आधारले मूल्यांकन हुन थालेको छ ।”- उनले भने । सांसद कार्कीले संसद् एआईमय भएको बताए । ‘अहिले संसद् यति एआईमय भएको छ कि अब संसद्मा कसैले ओई म ए आई हुँ भन्न मात्रै बाँकी छ,’’ कार्कीले भने ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सचेतक प्रकाशचन्द्र परियारले चाडपर्वअगावै कालाबजारी रोक्ने संयन्त्र बनाएर काम गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै सचेतक परियारले यस्तो बताएका हुन् । ‘एकातिर महाप्रलयमा सडक र पुलहरू टुक्रिएका छन्, भने अर्कोतिर यही भौगोलिक विच्छेद र नागरिकको असहजतालाई अवसर बनाएर बजारमा कालोबजारी र कृत्रिम अभावको नयाँ पहिरो खस्ने गम्भीर खतरा बढेको छ’, सचेतक परियारले भने-‘विपत्तिले आहत भएका नागरिकलाई महँगी र अभावको दोहोरो मारमा पार्नु राज्यको दायित्व हुँदै होइन ।’

विपत्तिका बेला बजारमा गरिने सामान्य ‘कर्मकाण्डी अनुगमन’ले नागरिकले राहत नपाउने बताउँदै उनले सरकारले दुर्गम क्षेत्रसम्म आपूर्ति व्यवस्थालाई आपत्कालीन रूपमा चुस्त र परिणाममुखी बनाउनुपर्ने बताए । ‘कालोबजारी गर्नेहरूमाथि कडा कारबाही गरोस् । र, भत्किएका पुलहरूसँगै विच्छेदित भूगोललाई राज्यको विश्वासले जोड्ने काम तुरुन्त थालोस् ।’-उनले भने । उनले सडक टुक्रिए पनि नागरिक र सरकारबीचको विश्वासको सेतु टुक्रिन नहुने बताए। सचेतक परियारले भोटेकोसीको विकराल हिमपहिरो एउटा प्राकृतिक विपत्ति मात्र नभएर त्यसको असर पुस्तौंसम्म देखिने पनि टिप्पणी गरे। छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालको आईसीयूमै पुगेर अन्तर्वार्ता गरेको विषय संसद्मा उठेको छ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद समीक्षा बास्कोटाले यो विषय अति गम्भीर विषय रहेको बताइन् । आईसीयू अस्पतालको अत्यन्त संवेदनशील र जटिल अवस्थामा रहेका बिरामीहरूको उपचारका लागि छुट्याइएको विषय कक्ष हो । यस्तो कक्षमा बिरामीको स्वास्थ्य, गोपनियता र संक्रमण नियन्त्रणलाई प्राथमिकता दिइन्छ। बिरामीको परिवारलाई पनि निश्चित समयमा मात्रै भेट्न दिइन्छ । तर यसको हुर्मत लिने काम भएको भन्दै उनले आपत्ति जनाएकी हुन्। प्रतिनिधिसभामा आकस्मिक समयमा बोल्दै सांसद बास्कोटाले भनिन्- ‘दुई दिन अगाडि सार्वजनिक भएको एउटा अन्तर्वार्ताले हाम्रो संवेदनशिलतालाई उदांगो पारिदिएको छ ।’ यस्तो अन्तर्वार्ता लिनु र अन्तर्वार्ता लिन स्वीकृति दिइनु दुवै गम्भीर विषय भएको उनको भनाइ छ। मानिसको जीवनभन्दा ठूलो अन्य विषय हुन नसक्ने उनको भनाइ छ। यसअघि यो विषयमा प्रेस काउन्सिल नेपालले पनि ध्यानाकर्षण भएको जनाएको थियो।

रसुवा बाढीमा परेर उद्धार गरिएका व्यक्तिको आईसीयूमा अन्तर्वार्ता लिएको विषयमा काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले विज्ञप्ति जारी गरेर ध्यानाकर्षण भएको जनाएका हुन्। रसुवा बाढीमा माथिल्लो त्रिशूली ३ ए जलविद्युत आयोथजनाबाट १० दिनपछि उद्धार गरिएका व्यक्तिसँग आईसीयूमै अन्तर्वार्ता लिई इन्साइड द बंकर नामक युट्युब च्यानलबाट सम्प्रेषित गरिएको छ।


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com








सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com